संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी खबर

राष्ट्रिय दैनिक

माझखर्क साप्ताहिकको सह-प्रकाशन



स्कर्पियो गाडी भाडामा चाहिए सम्पर्क गर्नुहोला ।
सम्पर्क : ९८२७७३०४०३

■ बर्ष-१७, ▶▶ अंक २५ असोज १५ गते शुक्रबार,२०७८, September–31 Friday 2021 ,यलेदुङ किरात सम्बत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▶▶ मूल्य रु. १०/- www.majhkharka.com

# गाविस सचिव सहित पाच जना विरूद्ध मुदा

मुलुकी संवाददाता
उदयपुर, असोज १४



सामाजिक सुरक्षा भत्तामा आर्थिक अनियमिता गरेको भन्दै उदयपुरका ५ जना विरुद्ध अख्तियारले मुद्धा दर्ता गरेको छ ।

उनिहरुले मृत्यु भईसकेको व्यक्तिको दोहोरो नाममा र वनावटी नाममा सुरक्षा भत्ता वापतको बजेट निकासा गरी अनियमिता गरेको भन्दै अख्तियार अनुसन्धान आयोगले मुद्धा दर्ता गरेको हो । अयोगले ५ जना बिरुद्ध बिषेश अदालतमा मुद्धा दर्ता गरेको छ ।

उदयपुरको रामपुर ठोक्सिला गाविसका तत्कालीन सचिव केशवप्रसाद आचार्यसहित पाँच जनालाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगले आर्थिक अनियमितता गरेको आरोपमा मुद्दा दर्ता गरेको हो ।

तत्कालीन गाविस सचिवहरूले मृत्यु दर्ता भएपश्चात् मृतकको सामाजिक सुरक्षा भत्ता वितरणको भरपाईमा कैफियत जनाई लगत कट्टा गर्नुपर्नेमा मृतकलाभग्राहीहरूका नाममा साथै दोहोरो नामको भरपाई बनाएर भ्रष्टाचार गरेको भन्दै अख्तियारमा उजुरी परेको थियो मृत्यु भइसकेका व्यक्तिको दोहोरो नाममा र बनावटी नाममा सामाजिक सुरक्षा भत्ता बापतको रकम निकासा गरी आर्थिक अनियमितता गर्ने आचार्यसहित तत्कालीन गाविस सचिव लोकेन्द्र कार्की, विशाल सुन्दास, माधवप्रसाद खतिवडा र पुष्पराज सिग्देलविरूद्ध अख्तियारले आज विशेष अदालतमा मुद्दा दर्ता गरेको हो ।

गाविसमा सात-आठ वर्षअघि नै मृत्यु भइसकेकाको व्यक्तिका नाममा आर्थिक वर्ष २०६३/६४ सालदेखि २०७१/०७२ साल सम्ममा बनावटी नाममा सामाजिक सुरक्षा भत्ताबापतको रकम निकासा गरी अनियमितता गरेको देखिएको आयोगका प्रवक्ता नारायणप्रसाद रिसालले बताए । उजुरीपश्चात् छानबिन गर्दा १६ लाख ४० हजार ५०० रूपैयाँ हिनामिना गरेको खुल्न आएको आयोगका प्रवक्ता रिसालले बताए ।तत्कालीन गाविस सचिव केशवप्रसाद आचार्य हाल मालपोत कार्यालय उदयपुरमा, लोकेन्द्र कार्की रौतामाई गाउँपालिका-७ को वडा सचिव पदमा, विशाल सुन्दास तथ्यांक कार्यालय उदयपुरमा, माधवप्रसाद खतिवडारौतामाई गाउँपालिकाको कार्यालयमा शाखा अधिकृतका रुपमा कार्यरत छन्

भने पुष्पराज सिग्देलले सेवाबाट अवकाश पाइसकेका छन् ।अख्तियारले तत्कालीन गाविस सचिव केशवप्रसाद आचार्यसँग नौ लाख ९० हजार ५००, लोकेन्द्र कार्कीसँग ७८ हजार, विशाल सुन्दाससँग ८२ हजार, माधवप्रसाद खतिवडासँग तीन लाख १४ हजार र पुष्पराज सिग्देलसँग एक लाख ७६ हजार रूपैयाँ सजायको मागदाबीसहित अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १८ एवं दफा ३५ बमोजिम अदालतमा आरोपपत्र दायर गरेको हो ।

## आर्कषक घर भाडामा



उदयपुर जिल्लाको सदरमुकाम गाईघाट स्थित बिधुतमार्गमा रहेको होटल परिचय रहेको रहेको घरको भुई तला र दोस्रो तला घर भाडामा रहेको छ।

इच्छुकले अफिस, कार्यालय राख्न चाहानेले सम्पर्क गर्नुहोला । सम्पर्क -९८६०८४७४७३/९८४२५३८८७७









**सम्पादकीय...**

# गाईघाट बजारमा बन्दै गरेको कालोपत्रे सडकको बेलैमा खबरदारी गरौ।

उदयपुर जिल्लाको सदरमुकाम गाईघाट बजारको बिभिन्न क्षेत्रमा यस अघि असार मसान्तभित्र नै कालोपत्रे सडक निर्माण गरिएको थियो। गाईघाटको बिधुत मार्ग, बैङ्क लाईन, पुरानो गाईघाट चोकदेखि फुलचोक क्षेत्रमा गत असार मसान्त भित्र नै सडक कालोपत्रे गरिसक्ने योजना थियो। बिधुत मार्ग बाहेक अन्य ठाउँमा काम पनि भएको हो। निर्माण कम्पनीको काममा लापारबाही र प्राबिधिक कारण सडक कालोपत्रे गरिएको ठाउँमा गुणस्तरहिन काम भएपछि संचारमाध्यम र स्थानिय नागरिकको पटक - पटकको खबरदारीको कारण सो सडकको काम निर्माण कम्पनीले रोक लगाई पुन बनाउने भएका थिए। असार महिना बर्षाको समय भएका कारण बर्षाले निर्माणमा समस्या ल्याएको भन्दै पुन बनाईन् भएको थियो।

गत असारमा निर्माण गर्दै गरेको अबस्थामा रोकिएको काम कातिक मसान्तसम्ममा काम सक्ने गरी निर्माण कम्पनीलाई नगरपालिकाले समय थप गरिदिएको थियो। सोही शर्त बमोजिम निर्माण कम्पनीले शुक्रबारदेखि गाईघाटको बिधुत मार्ग, पुरानो गाईघाट क्षेत्रमा सडकलाई कालोपत्रे बनाउन काम थालिएको छ। यस अघि असारमा पनि एक पटक कालोपत्रे गरिएको थियो। बिधुत मार्ग बाहेक अन्य सबै ठाउँमा कालोपत्रे गरिए पनि निर्माण कम्पनीले गुणस्तरहिन काम गर्दा सो सडक अहिले पुन पुरानै अबस्थामा पुगेको छ। गाईघाट बजारको बैङ्क लाईन क्षेत्रमा लापारबाही गरिदा मोटरसाईकल पार्क गर्दा समेत स्टेण्ड गडिने समस्या थियो। सडकमा कालोपत्रे गरिएको गिटीमा मोटरसाईकल चिप्लिएर सवारी दुर्घटना समेत भएको थियो। अहिले सडक कालोपत्रे गर्ने काम सुरु गरिएको छ। दिउँसो समयमा कालोपत्रे गर्नु पर्नेमा निर्माण कम्पनीले रातीको समयमा कालोपत्रे गर्ने गरेको छ। यस कार्यमा स्थानिय, पत्रकार, जनप्रतिनिधिले समयमानै खबरदारी र निगरानी गर्नुपर्दछ। दुई पटक बनाउनु परेकोमा निर्माण कम्पनी घाटामा जानु स्वाभाविक हो। निर्माण कम्पनीको लापारबाहीकै कारण यस्तो अबस्था भएको हो। अहिले बनाईरहेको काममा स्थानीय नागरिक, पत्रकार, जनप्रतिनिधिले नियमित रुपमा निगरानी गर्नुपर्दछ। कालोपत्रे गर्ने ठाउँमा प्राबिधिकहरुको प्रत्यक्ष निगरानीमा काम हुनु पर्दछ। कालोपत्रे लगाउने समय राती नभई दिउँसो उज्यालोमा काम हुनुपर्दछ।

यस अघि असार मसान्त भित्रमा सकिनुपर्ने काममा सबैको चासो राखिएको भय यो अबस्थामा आईपुग्ने थिएन।कालोपत्रे राती समयमा गर्नु, कालोपत्रे गरिएको सडक उकिनु, मोटरसाईकलको स्टेण्ड गाडिनु, चिप्लिनु, यी काम कसरी भयो भन्ने कुरा हामीले नै खबरदारी गरेका कारण रोकियो। निर्माण कम्पनी घाटामा गईसकेका कारण निर्माण कम्पनीको नामको लागि र आफ्नो घर अगाडीको सडक भएकाले पनि निर्माण कार्य गुणस्तरयुक्त टिकाउ हुने बनाईनुपर्दछ। यि बाहेक जहाँ जहाँ सडक, नाली, कलभर्ड, निर्माण हुँदैछ ति ठाउँहरुमा स्थानिय नागरिकहरुले काम कस्तो भईरहेको छ भन्ने कुरामा ख्याल गर्नु पर्दछ। काम गुणस्तरहिन बनिरहेको छ भने सो कार्यलाई तत्काल रोक्न पहल गर्नुपर्दछ। बिकास निर्माणको नाममा आएको बजेट सही ठाउँमा सही प्रयोजनमा खर्च हुनुपर्दछ। बिकास निर्माणको काममा हामीले निगरानी र खबरदारी गर्दा काम गुणस्तरयुक्त र टिकाउ हुने भएकाले हामी सबैलाई लाभदायक हुनेछ।

# एक जना सशक्त काङग्रेस उजिर सिङ राई

**बेद कुमारी राई**


उदयपुर जिल्लाको नेपाली काङग्रेसको राजनितिमा लामो समयसम्म सेवा गरेर संघिय समाजवादीमा प्रवेश गरेका समाजसेवि उजिरसिङ राई हुन्। अहिले उनि ७५ बर्षको भए।

उनको जन्म २००३ साल कार्तिक महिनाको १२ गते खोटाङ जिल्लाको बतासे गाउविकास समिती वडा नं. १ मा भएको थियो। उनले बुवा तिर्थबहादुर राई र आमा पदिमाया राईको कोखबाट जन्म लिएका थिए।

उनको बुवाले ३ जना श्रीमति विवाह गरेका थिए त्यसमध्ये दोश्रो श्रीमतिका १ छोरा १ छोरी मध्ये उनी जेठो छोरा हुन्। उनले २०२९ सालमा प्रताव सिंह राईको छोरी राजकुमारी राईसंग विवाह गरेका थिए। उनको २ छोरा ४ छोरी गरी ६ सन्तानहरु छन् उनको मनिका,बिनिता,सुनिता र लक्ष्मी नामाका छोरीहरु छन्।

उनको पालामा पढाइमा त्यति धेरै लगाव नभएका कारण र देशको परिस्थीतिले पढ्ने वातावरण त्यति नभएकोले रोजगारीको क्रममा २०२१ सालमा भारतिय आर्मिमा आपना सहपाठी साथी मोहन राई राजबहादुर राईसँग भर्ति हुन गएका थिए। उनले यस भारतिय सेनामा ३२ बर्ष सम्म सेवा गरेर २०५३ सालमा नेपाल फर्किएका थिए। उनले राजनिति क्षेत्रमा लाग्न आप्ना बाजेबाट प्रेरणा पाएको उनले बताए। उनले केन्द्रिय कमिटिको सदस्य भएर सुरुमा काम गरेका थिए। उनले उदयपुर जिल्लाको भुपु सैनिकको सभापति भएर सेवा गरेका थिए। उनले भुपु शैनिक विद्यालय बेलटारमा खोलेका थिए।

हाल त्यस विद्यालयमा मा.वि. तहसम्म सञ्चालनमा छ। त्यस विद्यालयमा उनले २१ बर्षसम्म अध्यक्ष्य भएर काम गरेका थिए। त्यस विद्यालयमा सामुहिक लगानी गरेर योगदान गरेका थिए। भारतिय भुपु शैनिक गुठिमा उनले ४ कठा ५ धुर जग्गा किनेर २ कठा ५ धुर स्कुलको नममा र बाँकी गुठिको नाममा राखेको उनले बताए।उनि नेपाली काङग्रेसको बेलटार गाविसको अध्यक्ष भएर पहिलो पटक ७ बर्ष काम गरे। उनि भन्छन् नेपाली काङग्रेसका पाटी ठिक छ तर व्याक्तिहरु स्वार्थ भएका कारण उनले त्यस पाटीबाट बाहिरिएर संघिय समाजवादीमा प्रवेश गरेका बताउछन्।




# श्री पंचकन्या आधारभुत बिद्यालय

## उदयपुरगढी गाउँपालिका ८ खोल्मे, उदयपुर

## शिक्षक आबश्यकता

यस श्री पंचकन्या आधारभुत बिद्यालय उदयपुरगढी ८ खोल्मेलाई च.न. १८ र १३७ को प्राप्त पत्र अनुसार प्राथामिक तह तृतिय श्रेणीको अस्थायी करार शिक्षक दरबन्दीमा इच्छुक महानुभावहरुबाट दरखास्त आब्हान गरिन्छ।

तपशिल

१. **पद सङ्ख्या** -१

२. **तह** - प्राथामिक तह तृतिय अस्थायी करार

३. **योग्यता** - आइएड सो सरह (IED)

४.**उमेर** -१८ बर्ष पुरा भई ४० बर्ष ननाघेको

५.**दरखास्त दस्तुर** -१००५ मात्र।

**आबश्यक कागजातहरु** -१.शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी २ थान। २. नेपाली नागरिकताको प्रतिलिपि २ थान। ३. अध्यापन अनुमती पत्रको प्रतिलिपी २ थान।

**परिक्षाको किसिम** -लिखित, मौखिक र आबश्यक परेमा प्रयोगात्मक समेत

**सेवा, सुबिधा** -नेपाल सरकारले तोके बमोजिम

**दरखास्त दिने अन्तिम** - मिति २०७८।०६।०६ देखि २०७८।०६।२० गते २० बजेदेखि ४ बजेसम्म।

**परिक्षाको मिति** - सम्पर्क मितिमा तोकिनेछ।

**सम्पर्क ब्याक्ति** -धुबराज श्रेष्ठ ९८४२५६७८५२

नोट प्रक्रिया नपुगेका कागजातहरुको कारबाही अगाडी बढाईने छैन। तथा परिक्षार्थीलाई परिक्षामा समाबेश गरिने छैन।

**मिना श्रेष्ठ**
**प्रधानध्यापक**


## गाईघाटदेखि अन्य ठाउ जाने




| | | | |
|---|---|---|---|
| गाईघाट-कदमाहा | ८७.४९ | गाईघाट-जनकपुर | ३०१.३१ |
| गाईघाट-लहान | १००.९५ | गाईघाट-चन्द्रनीगाहपुर | ९५.४४ |
| गाईघाट-रुपनी | १५९.८६ | गाईघाट-पथलैया | ५०४.८२ |
| गाईघाट-राजबबीराज | १८५.०९ | गाईघाट-बीरगन्ज | ५८०.१० |
| गाईघाट-ईटहरी | ३३७.९२ | गाईघाट -हेटौंडा | ५९६.९९ |
| गाईघाट-धरान | ३७१.२० | गाईघाट -नाराणघाट | ७४०.४२ |
| गाईघाट-बीराटनगर | ३८२।७२ | गाईघाट- काठमाण्डौं | ११३९.७ |
| गाईघाट-बीर्तामोड | ५३८.४८ | गाईघाट - पोखरा | १०९०.२१ |
| गाईघाट-काकडभीठा | ५५६.८० | गाईघाट-जलजलेचुहाडे | ४४.८० |
| गाईघाट-मींचैया | १६८.२७ | गाईघाट-कालीखोला | ६४.०० |
| गाईघाट-कटारी | २५२.४० | गाईघाट-होक्से | ७६.८० |
| गाईघाट-ढल्केवर | २६०.८३ | गाईघाट -नाम्जे | ८९.६० |
| | | गाईघाट-कौवाई | ११५.२० |

# मेयर कप ब्याडमिन्टन

मुलुकी संवाददाता
उदयपुर, असोज १४

यहाँस्थित एक नीजि कभर्डहलमा जिल्लास्तरीय ब्याडमिन्टन प्रतियोगिता सुरु भएको छ। त्रियुगा नगरपालिका ८ चुहाडे झोडास्थित व्यक्तिगत लगानीमा निर्मित भेटघाट कभर्डहलमा ३ दिने 'मेयर कप ब्याडमिन्टन प्रतियोगिता ०७८' बिहीबारदेखि सुरु भएको हो ।

३ दिने जिल्लास्तरीय ब्याडमिन्टन प्रतियोगिता जिल्ला ब्याडमिन्ट संघ उदयपुरको समन्वयमा सुरु भएको हो । प्रतियोगिताको पहिलो चरणको स्पर्धा बिहीबार साँझसम्म सकिनेछ भने बाँकी इभेन्टका खेलहरु शुक्रबार र शनिबार हुने आयोजक क्लबका सञ्चालक विक्रमसिंह खड्काले बताए ।

खड्काले नीजि लगानीमा निर्मित कभर्डहलको



उद्घाटनसँगै प्रतियोगिता सुरु भएको हो । प्रतियोगितामा ए डिभिजनका १० जोडीसहित ६४ जोडीको प्रतिस्पर्धा हुनेछ । आउँदो शनिबार सम्पन्न हुने प्रतियोगितामा विजेता खेलाडी समूहलाई २५ हजार नगद र ट्रफि तथा प्रमाणपत्र प्रदान गरिने छ ।

त्यस्तै उपविजेतालाई १५ हजार र तेस्रो हुनेलाई ८ हजार नगदका साथ मेडल र प्रमाणपत्र प्रदान गर्ने कार्यक्रम रहेको खड्काले बताए । ब्याडमिन्टन खेललाई नियमित र व्यवसायिक रुप दिने उदेश्यले भेटघाट क्लबले व्यवसायिक कभर्डहलको निर्माण गरेको जनाएको छ। क्लबले कभर्डहलमा ब्याडमिन्टनसँगै रेस्टुरेन्ट र संगीत तथा मनोरञ्जनात्मक गतिबिधि पनि गर्ने जनाएको छ। खेलकुद र संगीत तथा रेस्टुरेन्टलाई एउटै छातामुनि राख्नेगरी दिने सेवा उदयपुरमा यो पहिलो पटक हो ।

जिल्लाबासीको चाहना अनुसार व्यवसायिक क्बलको स्थापना गरी सञ्चालनमा ल्याइएको खड्काले जनाएका छन् । उनले अनुसार एकै थलोमा खेल, संगीत र रेस्टुरेन्टको सेवा उपलब्ध गराउदा व्यवसायिक सफलता मिल्ने अपेक्षा गरेको बताए।

## गाईघाट बजारमा असोज खुद्रा तर

| | | | |
|---|---|---|---|
| १, आलु | रु ३५ | १६, धनियाँ | रु ४०० |
| २, अदुवा | रु १०० | १७, लोकल बोडी | रु १०० |
| ३, टमाटर | रु ६० | १८, खर्बुजा | रु ४० |
| ४, बन्दा | रु ४० | १९, रायो साग | रु १२० |
| ५, भेन्टा | रु ८० | २०, लट्टे साग | रु ८० |
| ६, खुर्सानी | रु १२० | २१, प्याज | रु ६० |
| ७, मुला | रु ४० | २२, निगुरो | रु ६० |
| ८, पर्बल | रु ९० | २३ दुध | रु. ७० |
| ९, तितेकरेला | रु ९० | २४, दही | रु ९० |
| १०, भिन्डी | रु ८० | २५, मोही | रु ५० |
| ११, च्याउ | रु २०० | २६, घ्यु | रु ७०० |
| १२, काउली | रु १५० | २७, राँगाको मासु | रु ४०० |
| १३, फर्सी | रु ३० | २८, बंगुरको मासु | रु ४०० |
| १४, कटहर | रु ४० | २९, खसीको मासु | रु १,००० |
| १५, काँक्रा | रु ५० | | |







xflb{s>flBhnL



जन्म - बि.स. १९९० साउन

निधन - बि.स. २०७८ भदौ ११ गते

स्वर्गिय - ललित बहादुर राई

नेपाली काङग्रेस उदयपुरका नेता महेन्द्र राई र मेरा गुरु किशान सिङ राइको बुबा ललित बहादुर चामलिङ पित्रुङ्छा राइको खोटाङ जिल्ला तत्कालिन चुइचुम्मा गाबिस नाराङ्गा हाल दिपरुङ चुइचुम्मा गाउपालिक वडा नम्बर ५ नाराङगामा बि.स.१९९० साउनमा जन्म भइ २०७८ साल भदौ महिनाको ११ गते ८८ बर्षको उमेरमा खोटाङ जन्मथलो चुइचुम्मा नाराङगामा नै असामायिक दुखद निधन प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

बुद्धि कुमार राई
सम्पादक
मुलुकी दैनिक परिवार




यहा सुपथ मुल्यमा स्वदेशी तथा बिदेशी ब्राण्डका लेडिज तथा जेन्सका जुत्ता, चप्पलहरु होलसेल मुल्यमा सप्लाई गरिन्छ । साथै विभिन्न स्कुल तथा कलेजको जुत्ताहरु समेत उपलब्ध गराईन्छ। समपर्क – ९८५११10१६८/९८०७७७४२१०, गाईघाट पेट्रोल पम्प दक्षिणपटी



# उदब्घाटन दिनमै नेपालको खेल

बिबेक राई
काठमाडौ, असोज १४

आजबाट १३ औँ साफ च्याम्पियनसिप माल्दिभ्सको राजधानी मालेमा सुरु हुँदैछ। उद्घाटन दिनमै नेपालको खेल परेको छ त्योपनि आयोजक टोली माल्दिभ्ससँग जो डिफेन्डिङ च्याम्पियन अर्थात गत संस्करणको विजेता पनि हो। त्यसबाहेक माल्दिभ्स साफ इतिहाँसमै दोस्रो सफल टोलीपनि हो।

फिफा वरियतामा पनि माल्दिभ्स नेपालभन्दा १० स्थान माथि छ। फिफा वरियतामा नेपाल १६८ औँ स्थानमा छभने माल्दिभ्स १५८ औँ स्थानमा छ। हेड टु हेड मा पनि माल्दिभ्स नै बलियो देखिन्छ। अहिलेसम्म सबैखाले गरेर भएको १६ भेटमा माल्दिभ्स आठपटक विजयी भएको छभने चार खेलमा बराबरीमा रोकिएको छ। बाँकी चार खेलमामात्र नेपाल विजयी भएको छ। तर साफमा नेपालले माल्दिभ्सलाई अहिलेसम्म हराउन सकेको छैन। नेपाल र माल्दिभ्सको पछिल्लो भेट २०१८ मा बंगलादेशमा गत संस्करणमा भएको थियो। त्यतिबेला सेमिफाइनलमा नेपाललाई ३-० ले हराउँदै माल्दिभ्स फाइनल पुग्न सकेको थियो।

पछि फाइनलमा भारतलाई २-१ ले हराउँदै माल्दिभ्स दोस्रोपटक साफ उपाधि उचाल्न सफल भयो। त्यसअघि २००८ मा भएको

*माल्दिभ्स नेपालभन्दा १० स्थान माथि छ। फिफा वरियतामा नेपाल १६८ औँ स्थानमा छभने माल्दिभ्स १५८ औँ स्थानमा छ। हेड टु हेड मा पनि माल्दिभ्स नै बलियो देखिन्छ। अहिलेसम्म सबैखाले गरेर भएको १६ भेटमा माल्दिभ्स आठपटक विजयी भएको छभने चार खेलमा बराबरीमा रोकिएको छ। बाँकी चार खेलमामात्र नेपाल विजयी भएको छ। तर साफमा नेपालले माल्दिभ्सलाई अहिलेसम्म हराउन सकेको छैन। नेपाल र*

सातौँ संस्करणको उपाधि माल्दिभ्सले जितेको थियो। यसपटक पनि माल्दिभ्सलाई उपाधि जित्न लायक टोलीको रुपमा हेरिएको छ। माल्दिभ्सलाई डिफेन्डर अक्रम अबदुल घानी, गोलरक्षक मोहम्मद फैजल, मिडफिल्डर हम्जा मोहमेद, स्ट्राइकर अलि फाजिर, अलि अस्फाकजस्ता चर्चित एवम् स्तरीय खेलाडीको साथ रहेको छ।

गोलरक्षक फैजलले माल्दिभ्सलाई गत संस्करणको उपाधि दिलाउँदा प्रतियोगिताभरको सर्वोत्कृष्ट खेलाडीसमेत चुनिएका थिए। डिफेन्डर घानी अहिलेको माल्दिभ्सको टोलीको सबैभन्दा अनुभवि डिफेन्डर हुन्। उनले देशको लागि अहिलेसम्म ७० खेल खेलेर दुई गोलसमेत गरेका छन्। मिडफिल्डर हम्जाले १० नम्बरको जर्सी लाउँछन्। यसबाट पनि उनी राम्रो खेल्छन् भन्ने अनुमान लाउन सकिन्छ। उनी विंगरबाट पनि राम्रो दबाब दिन सक्ने कुशल खेलाडी हुन्।

स्ट्राइकर फजिरले गत संस्करणमा माल्दिभ्सलाई उपाधि दिलाउँदा महत्वपूर्ण भूमिका खेल्नुका साथै एक गोलसमेत गरेका थिए। त्यसबाहेक व्यक्तिगत रुपमा पनि उनले २०१६ र २०१७ मा माल्दिभ्समा बेस्ट प्लेयरको अवार्ड पाएका थिए। अर्का स्ट्राइकर अस्फाक यति चर्चित छन् कि शायदै उनलाई नेपालीले बिर्सेका होलान्। उनले नेपालमा २०१३ मा भएको दशौँ साफमा दनादन दश गोल ठोकेका थिए। त्यतिबेला समुह बी मा श्रीलंकालाई १०-० ले पराजित गर्दा उनी एक्लैले छ गोल गरेका थिए।

श्रीलंकाविरुद्ध त्यस डबल ह्याट्रिक अनि पछि समुह बी मै भुटानलाई ८-२ ले हराउँदा उनले चारगोल गरेका थिए। उनी साफ इतिहाँसमै सबैभन्दा बढि गोल गर्ने खेलाडी हुँदा निकै चर्चित भएका थिए। उनले गोल्डेन बुट जित्दापनि उनी नेपालमा त्यतिबेला खुबै चर्चित बनेका थिए। उनी अहिलेपनि माल्दिभ्सको टोलीमा सबैभन्दा अनुभवि र सबैभन्दा बढि गोल गर्ने खेलाडी हुन्। ३६ वर्षिय उनी करियरको अन्तिम समयतिर आइपुगिसक्दा उनले माल्दिभ्सको लागि ८१ खेलमा ५३ गोल गरेका छन्। यसरि एकसेएक खेलाडीको साथ पाएको माल्दिभ्सविरुद्ध नेपाली टोलीलाई उनीहरुकै मैदानमा खेल्नु केही गाह्रो पक्कै हुनेछ।

बिहिबार भएको प्रि म्याच कन्फेरेन्समा पनि नेपाली टोलीका सहायक प्रशिक्षक किरण श्रेष्ठले माल्दिभ्सविरुद्ध पक्कैपनि गाह्रो हुने र टोलीका कप्तान किरण लिम्बूले माल्दिभ्सलाई घरेलु मैदानको फाइदा भएपनि नतिजा निकाल्नुको लागि नै खेल्ने बताएका छन्। शुक्रबार श्रीलंका र बंगलादेशले नेपाली समयअनुसार साँझ ४:४५ र नेपाल र माल्दिभ्सले ९:४५ बजे प्रतिस्पर्धा गर्दैछन्।
















मुलुकी
प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय- त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोन:- ९८४२९८५१८८, ९८०३७२७८८०,
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण : लक्ष्मी अफसेटप्रेस, गाईघाट